# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं. प्रदेश, नेपाल

**औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउ आहवानको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/०६/२१**

यस गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र नियमावली, २०६४ को नियम ८४ बमोजिम कोभिड-१९ संक्रमण रोकथामका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक कम्पनी, फर्म तथा संस्थाहरुले निम्न सर्तहरुको अधिनका रही सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिएको छ ।

**शर्तहरु**

१. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने इच्छुक नेपाली आपुर्तिकर्ताहरुले लिखित आवेदन सहित यस देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा रु.१,०००।०० -फिर्ता नहुने गरी) बुझाई अध्यावधिक नवीकरण गरिएको प्रमाण पत्र, स्थायी लेखा नं.मु.अ.कर दर्ता सहित, आ.व. २०७६/०७७ को कर चुक्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु सहित सुचना प्रकाशित मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सक्नेछ ।

२. दरभाउपत्र पेस गर्दा दरभाउपत्र साथ रु.३१,०६३।०० (अक्षरेपी एकतिस हजार त्रिसट्ठी रुपैया मात्र) खोलिने मिति देखि गणना हुने गरी कम्तीमा ७५ दिन मान्य अवधि रहने गरी नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट जारी गरेको बैंक जमानत वा देवानगञ्ज गाउँपालिका, देवानगञ्जको **एन.आई.सि. एसिया बैंक,** इनरुवा स्थित धरौटी खाता नं. २४३CA५००२१९१७००२ मा नगद जम्मा गरेको सक्कल बैंक भौचार दरभाउपत्र साथ संलग्न गर्नुपर्दछ ।

३. खरिद भएका दरभाउपत्रहरु १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कार्यालयका खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. आपुर्ति गर्नुपर्ने स्वास्थ्य सामाग्रीहरुको विवरण दरभाउपत्र फाराम सँगै उपलब्ध गराइनेछ ।

५. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर बीच फरक परेका अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्र दाताको सहीछाप भएको हुनुपर्नेछ ।

६. स्वास्थ्य सामाग्रीहरु आपुर्ति गर्दा नेपाल सरकारबाट मान्यता प्राप्त निकायहरुबाट उत्पादित स्वास्थ्य सामाग्रीहरु आपुर्ति गर्नु पर्नेछ । साथै स्वास्थ्य सामाग्रीहरुको Expiry Date आपुर्ति गरिने समय देखि कम्तीमा १ वर्ष सम्म रहनुपर्नेछ ।

७. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्र पेश गर्नेले बोलपत्र फारामको प्रत्येक पानामा दस्तखत गर्नुपर्नेछ ।

९. एक कम्पनी, फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को कम्पनी, फर्म वा संस्थाको नाममा दाखिला गर्न पाउने छैन ।

१०. दरभाउपत्रमा उल्लेखित स्वास्थ्य सामाग्रीहरु यस कार्यालयको हाता भित्र आपुर्ति गर्नुपर्नेछ । साथै ढुवानी खर्च सम्बन्धित दरभाउपत्रदाताल नै व्यहोर्नु पर्नेछ

११. दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम दिन र खोलिने दिन बिदा परेमा सो कार्य सो को भोली पल्ट सोही समयमा हुनेछ ।

१२. यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

१३. यो सुचना देवानगञ्ज गाउँपालिकाको वेभसाइड www.dewanganjmun.gov.np मा समेत राखिएको छ ।

**सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण**

| सि.नं. | दरभाउपत्र नं. | कुल लागत अनुमान (मु.अ.क. सहित) | कामको विवरण | धरौटी रु. |
|---|---|---|---|---|
| १. | DRM/ Covid-19 Infection Prevention Related Health particulars Supply /01/2077/78 | ६,८३,७४७।५० | कोभिड-१९ संक्रमण रोकथामका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु | ३१,०६३।०० |

२०७७/६/२१

चुडामणी गुरागाइ
प्रमुख प्रशासकीय अधिकृत